धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि.प्र.का.दर्ता नं. ०६/०६१/०६२ जि.हु.का.दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य
कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

ई- पेपर हेर्नका लागी

वर्ष १९, अङ्क २५५ ◆ २०७९ चैत्र १६ बिहीबार ◆ Thursday, MARCH 30, 2023 ◆ ने सं ११४३ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## जुरे पहिरो पीडितले नगद राहत पाउने

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । जुरे पहिरो पीडितले मागबमोजिम नगदै राहत पाउने भएका छन् ।

मङ्गलबार बसेको मन्त्रिपरिषद्को बैठकले गरेको निर्णयअनुसार अब जिल्ला विपद् व्यवस्थापन समितिले स्थानीय तहको समन्वयमा पीडितको यकिन तथ्याङ्क आधारमा मापदण्ड बनाएर राहत वितरण गर्नेछ ।

मन्त्रिपरिषद् बैठकले 'जुरे पहिरो पीडितका लागि जनस्तरबाट सङ्कलित नेपाल बैंक लिमिटेड, चौताराको खातामा जम्मा भएको रु दुई करोड २४ लाख ६६ हजार छ सय ५७ स्थानीय तहको समन्वयमा पीडितलाई नगद राहत उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समितिलाई निर्देशन दिने' निर्णय गरेको सिन्धुपाल्चोक-१ बाट निर्वाचित सङ्घीय सांसद माधव सापकोटाले जानकारी दिनुभयो ।

आठ वर्षयता रोकिएको रकम वितरणका लागि विगतदेखि नै पहल हुँदै आएको थियो । सांसद सापकोटाले गत फागुन ३० गते जिल्ला विपद् व्यवस्थापन समितिमार्फत जुरे पहिरोपीडित कोषमा जम्मा भएको सो रकम मापदण्डका आधारमा प्रभावितलाई नै उपलब्ध गराउन रायसहित गृह मन्त्रालयलाई अनुरोध गर्ने निर्णयका लागि नेतृत्व गर्नुभएको थियो ।

विसं २०७१ साउन १७ गते सिन्धुपाल्चोकको जुरे क्षेत्रमा पहाडै खसेर भोटेकोसी नदी थुनिएको थियो । पहिरोमा परी एक सय ४५ जनाले ज्यान गुमाएका थिए भने एक सय ५३ घरमा क्षति पुगेको थियो ।

अब जिल्ला विपद् व्यवस्थापन समितिले स्थानीय तहको समन्वयमा पीडितको यकिन तथ्याङ्कका आधारमा मापदण्ड बनाएर राहत वितरण गर्नेछ ।

### मिटरब्याज पीडितका समस्या तत्काल समाधान गर्न सरकारको ध्यानाकर्षण

# मिटरब्याज पीडितको समस्या समाधान गरौँ : संसद

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । जनप्रतिनिधिले मिटरब्याज पीडितका समस्या तत्काल समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ । प्रतिनिधिसभाको बुधबारको बैठकको विशेष समयमा सांसदले धेरै गरिब नेपाली मिटरब्याजीको चङ्गुलमा फसेको भन्दै तत्काल मिटरब्याजीलाई कार बाहीको दायरामा ल्याउन सरकारसँग माग गर्नुभयो ।

नेपाली कांग्रेसका सांसद श्यामकुमार घिमिरेले मिटरब्याज पीडितको न्यायका लागि सरकारको ध्यानार्कषण गराउनुभयो । उहाँले तत्काल समस्या समाधानका लागि कानुन निर्माण गर्न माग गर्नुभयो । उहाँले सिन्धुलीमा हात्तीको आक्रमणको जोखिम बढेको भन्दै विद्युतीय तारबार गर्न माग गर्नुभयो । उहाँले रासायनिक मलको सधैँको अभावलाई कम गर्न मल वितरणका लागि निजी क्षेत्रको सहयोग लिन सकिने बताउनुभयो ।

नेकपा (एमाले)को सांसद भगवती चौधरीले मिटरब्याज पीडित बैंक तथा वित्तीय संस्थाबाट सहज ढङ्गबाट ऋण नपाउँदा चर्को ब्याजदरमा साहुबाट ऋण लिन बाध्य भएको बताउनुभयो । उहाँले भन्नुभयो, "एक लाख लिँदा १० लाख बढाउने मिटरब्याजी साहुका कारण पीडित घरबारविहीन भइरहेका छन् । वित्तीय साक्षरता नभएका कारण पनि धेरै नागरिक मिटरब्याजको समस्याबाट पीडित भएका छन् ।"

नेकपा (माओवादी केन्द्र)का सांसद हितबहादुर तामाङले मिटरब्याज पीडितको समस्या तत्काल समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । "पूर्वी तराईबाट हिँडेर मिटरब्याज पीडित काठमाडौँ भित्रिएका छन्, देशका हरेक भागमा मिटरब्याजको समस्या फैलिएको छ । अहिलेको व्यवस्था मन नपर्ने व्यक्ति यो समस्यालाई भड्काउन सक्छन् सरकारले हिजो वार्ता टोली गठन गरेको छ, समस्याको अध्ययन गरेर समस्या समाधान गर्न सुझाव दिने विषय सकारात्मक छ, यो समस्यालाई सदाका निम्ति मुक्त गर्ने दिशातर्फ अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टी सांसद सोविता गौतमले हवाई यात्रालाई सुरक्षित बनाउन सरकारको ध्यानाकर्षण बनाउनुभयो । उहाँले हवाई सेवालाई सुरक्षित बनाउन विभिन्न निकायले दिएका सुझावलाई किन कार्यान्वयन नगरिएको हो भनी प्रश्न गर्नुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद बुद्धिमान तामाङले जलाशययुक्त बूढीगण्डकी जलविद्युत् परियोजनाको काम तत्काल अगाडि बढाउन माग गर्नुभयो । "आयोजना निर्माण नहुँदा गोरखा र धादिङका जनताको आशामा तुसारापात मात्र भएको छैन, राष्ट्रको समृद्धिमा नै बाधा सिर्जना भएको छ", उहाँले भन्नुभयो । नेपालले नै सो आयोजना बनाउने भनिए पनि आयोजना सम्पन्न हुनेमा आशङ्का पैदा भएको उहाँले बताउनुभयो ।

नेकपा (एकीकृत समाजवादी)का सांसद भानुभक्त जोशीले मिटरब्याजबाट पीडित समुदाय देशका विभिन्न भागबाट १३ दिन पैदलयात्रा गरेर काठमाडौँ पुगेको भन्दै तत्काल उनीहरुको समस्या समाधान गर्न सरकारसँग आग्रह गर्नुभयो । "मिटरब्याज पीडितका समस्या समाधान गरेर उनीहरुलाई जतिसक्दो चाँडो घर फर्कने वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराउँछु", उहाँले भन्नुभयो ।

जनमत पार्टीका सांसद अनिता देवीले मिटरब्याज पीडित सरकारसँग न्याय माग्न काठमाडौँ आएको भन्दै तत्काल उनीहरुको समस्या समाधान गर्न ध्यानाकर्षण गराउनुभयो । "नागरिक बाध्यताले मिटरब्याजमा पैसा लिन बाध्य भएका हुन्, मिटरब्याजीलाई तत्काल कारबाही गर्नुपर्छ", उहाँले भन्नुभयो । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद रामप्रकाश चौधरी मिटरब्याजले पारेको प्रभावका बारमा वर्तमान संसद् सुरु हुने बित्तिकै आफूले त्यससम्बन्धी विषय सदनमा उठाएको र अहिले सदन तथा सरकारको ध्यान गएको बताउनुभयो । "पीडित ठाउँठाउँबाट आउने क्रम बढेको छ, प्रधानमन्त्रीबाट पनि समस्या समाधान गर्ने प्रतिबद्धता आएको छ, समस्या समाधान गर्न सरकार गम्भीर बन्नुपर्छ", उहाँले भन्नुभयो ।

नागरिक उन्मुक्ति पार्टीका सांसद रञ्जीता श्रेष्ठले विलम्ब नगरी मिटरब्याजीविरुद्ध कानुन निर्माण गर्न माग गर्नुभयो । उहाँले पीडितलाई न्याय दिलाउन कुनै कन्जुस्याइँ नगर्न आग्रह गर्नुभयो । स्वतन्त्र सांसद योगेन्द्र मण्डलले मिटरब्याजीलाई सरकारले कारबाही

## पत्रकारका सदस्यता शुद्धीकरण प्रमुख एजेण्डा

❑ *प्रत्यूष समाचारदाता*

बुटवल । नेपाल पत्रकार महासङ्घले लुम्बिनीमा आयोजना गर्न लागेको राष्ट्रिय मिडिया सम्मेलनमा सदस्यता शुद्धीकरणलाई प्रमुख एजेण्डाको रुपमा अगाडि सारिएको छ । यही चैत १७ गते लुम्बिनीमा आयोजना गरिने सम्मेलनमा सदस्यता शुद्धीकरण, पत्रकारका समस्या र मिडियामा देखिएको आर्थिक सङ्कट तथा पत्रकारितासँग सम्बन्धित कानुनका विषयलाई प्रमुख एजेण्डाको रुपमा अगाडि सारिने बुधबार बुटवलमा आयोजना गरिएको पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले बताउनुभयो ।

"महासङ्घमा सदस्यता शुद्धीकरणको मुद्दा सधैं उठ्ने गरेकाले सदस्यताको प्रारम्भ र अन्त्यसम्म शाखाको भूमिका हुन्छ", उहाँले भन्नुभयो, "शाखाले नै निर्णय लिनसक्ने हो भने केही न केही गर्न सकिन्छ भन्ने हाम्रो विश्वास हो ।' पत्रकारको समस्या र मिडियामा आर्थिक सङ्कटका सम्बन्धमा पनि कुरा उठाइने अध्यक्ष पोखरेलले बताउनुभयो ।

पछिल्लो समयमा मुलुकमा आर्थिक सङ्कट सिर्जना भएको र त्यसकारण वा अन्य कारणबाट पत्रकारमा परेको समस्या पहिचान गरिने र समाधानका लागि पहल गरिनाका साथै मिडिमा उत्पन्न आर्थिक सङ्कट समाधानका लागि के गर्न सकिन्छ भन्नेबारे समेत खोजी गर्न लागिएको उहाँको भनाइ थियो । यसैगरी अहिले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट पत्रकार र मिडियासँग सम्बन्धित विधेयक तयार गर्न लागिएको र कतिपय विधेयक तयार भइसकेकाले तयार भइसकेका विधेयकका पत्रकारको हित विपरीतका विषय केलाउने र तयार हुने क्रममा रहेका विधेयकलाई कसरी पत्रकार र मिडियामैत्री बनाउन सकिन्छ भन्ने विषयमा बहस गरिने अध्यक्ष पोखरेलले उल्लेख गर्नुभयो ।

उक्त सम्मेलनमा ४० शाखाका अध्यक्ष, प्रदेश समितिका अध्यक्ष र महासचिव, केन्द्रीय समितिका पदाधिकारी तथा सल्लाहकार, मिडिया क्षेत्रका विज्ञ, प्रतिनिधिमूलकरुपमा मिडियाका लगानीकर्ता र सरकारी निकायका प्रतिनिधि गरी दुई सय भन्दा बढीको सहभागिता रहने भएको छन् ।

सूचना तथा सञ्चारमन्त्री रेखा शर्मा प्रमुख आतिथि रहनुहुने उक्त सम्मेलनमा सङ्घीय सरकारका अन्य मन्त्रीहरु तथा लुम्बिनी प्रदेशका मुख्यमन्त्री पनि सहभागी हुनुहुने महासचिव रोशन पुरीले जानकारी गराउनुभयो । नेपाल पत्रकार महासङ्घको बिहीबार ६८औं स्थापना दिवस मनाईदै छ । महासङ्घले यस पटक उपत्यका बाहिर स्थापना दिवस मनाउने तयारी गरेको हो ।

## विन्ध्यवासिनीमा भक्तजनको घुइँचो

कास्की । पोखराको प्रसिद्ध धार्मिकस्थल विन्ध्यवासिनी मन्दिरमा चैते दसैं पर्वका अवसरमा बुधबार बिहानदेखि भक्तजनको घुइँचो लागेको छ ।

मन्दिर दर्शन र पूजाआजाका लागि श्रद्धालुभक्तजन बिहान ४ बजेदेखि लामबद्ध थिए । मन्दिरमा पूजाका लागि नेपालीका साथै भारतबाटसमेत भक्तजन सहभागी भएको विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले जनाएको छ । मन्दिरमा लाइनमा बस्न नसक्नेहरुले बाहिरबाटै दर्शन तथा टीका ग्रहण गरिरहेका जानकारी दिँदै उक्त समितिका कोषाध्यक्ष इन्द्रप्रसाद अधिकारीले चैते दसैंको अवसर पारी टाढाटाढाबाट आएका भक्तजनले श्रद्धापूर्वक दर्शन गरिरहेको उल्लेख गर्नुभयो । पछिल्लो समय भारतीय भक्तजनको सङ्ख्या बढेको र उनीहरु विन्ध्यवासिनी मन्दिर दर्शन गरेर मुक्तिनाथसम्म पुग्ने गरेका छन् । बिहीबार रामनवमी दिन बिहान ८ देखि ११ बजेसम्म मर्यादा पुरुषोत्तम श्रीरामका बारेमा स्वामी डा यतिराज आचार्यबाट विशेष प्रवचन हुनेछ ।

सञ्चारकर्मी बन्ने सुवर्ण अवसर

के तपाईमा सञ्चारकर्मी बन्ने इन्छा छ ?
के तपाईलाई खोज पत्रकारिता गर्दै रेडियो, अनलाइन, टेलिभिजन, पत्र पत्रिका र युटुव लगायत डिजिटल सञ्चार माध्यममा काम गर्ने रहर छ ?
स्थानीय स्तरमा नै बसी पत्रकारिता गर्ने अवसर हामी दिलाउँछौं ।
यदि त्यसो हो भने धादिङ सञ्चार प्रा. लि. द्वारा सञ्चालित नीलकण्ठ एफ. एम. ९८.५ मेगाहर्जले धादिङबेसीमा यहि चैत्र २५ गते देखि २०८० बैशाख १ गते सम्म पत्रकारिता तालिम सञ्चालन गर्न लागिएको व्यहोरा सहर्ष जानकारी गराउँदछौं ।

हाम्रा विशेषताहरू:
राष्ट्रिय स्तरको बहुचर्चित दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण दिईने ।
विशेष प्रयोगात्मक कक्षा सञ्चालन गरिने ।
तालिम पश्चात उत्कृष्ट ३ जनालाई रोजगारीको अवसर दिइने ।
तालिम पश्चात उत्कृष्ट सहभागीहरुलाई स्थानीय तथा राष्ट्रिय स्तरको सञ्चार माध्यममा काम गर्ने अवसर मिलाईने ।

कक्षा सञ्चालन
फारम धमाधम वितरण भईरहेछ ।
मिति : २०७९ चैत्र २५ देखि २०८० बैशाख १ गते सम्म ।
स्थान : नीलकण्ठ एफ.एम.को कार्यालय सुगमटोल, धादिङबेसी
समय : बिहान १० बजे देखि ४:०० बजे सम्म ।
फर्म शुल्क : रु. २,०००/- (अक्षरुपी दुई हजार मात्र)
फर्म भर्ने अन्तिम मितिः २०७९ चैत्र २० गते सम्म ।
सिट सिमित छ आजै सम्पर्क गर्नुहोला
थप जानकारीको लागि सम्पर्क नं.
०१०-५९०४३०, ९८५११२०८५०, ९८५११२०९४०

## सम्पादकीय ....

### भाषामा सार्थक भूमीका खै ?

अन्तर्राष्ट्रिय भाषा दिवसको विषय 'बहुभाषी शिक्षा : शिक्षामा आमूल परिवर्तनको आवश्यकता' भन्ने निकै महत्वपूर्ण विषय तय गरेको थियो । यस सम्बन्धमा विभिन्न शिक्षाशास्त्री, भाषा वैज्ञानिक र समाजशास्त्रीका अध्ययन प्नि प्रकाशमा आएका छन् ।

सबै मातृ भाषाको संरक्षण तथा संवर्द्धन गर्ने योजना बनाउन, तिनका बारेमा छलफल गर्न र अनुभवको आदान-प्रदान गर्न विभिन्न भाषा समूहका मानिस एकताबद्ध हुन सक्छन् ।

२१ मार्च अन्तर्राष्ट्रिय मातृभाषा दिवस संयुक्त राष्ट्रसङ्घले विश्वका राष्ट्र समुदायलाई उपलब्ध गराएको एउटा महत्वपूर्ण अवसर हो । यस दिवसका अवसरमा विश्वभरिका मानिसले आ-आफ्नो मातृ भाषाको महत्व र अपनत्वका बारेमा विचार विमर्श गर्न पाउँछन् ।

आजको विज्ञान र प्रविधिको उच्च विकासले यो बहुभाषी पद्धतिलाई कार्यान्वयन गर्नमा पनि सहज बनाइदिने स्थिति रहेको छ ।

राष्ट्रसङ्घको स्पष्ट के सोचाइ रहेको देखिन्छ भने बहुभाषी शिक्षा प्रणाली अपनाउँदा हामीले शिक्षाको क्षेत्रमा आफ्नो यो लक्ष्य पूरा गर्ने मात्र होइन, यसका अतिरिक्त यस प्रणालीले समावेशिता र शतत् विकास प्रक्रियालाई पनि अघि बढाउन ठूलो मद्दत मिल्छ ।

अहिलेसम्म पनि विश्व मानव समुदायमा धेरै ठूलो सङ्ख्यामा शिक्षाको ज्योति राम्रोसँग पुग्न सकिरहेको छैन । खासगरी प्राचीन मूलवासी र आदिवासी समुदायका मानिस मुख्य रूपमा यस्तो स्थितिबाट विश्वमा गुज्रिरहेका छन् । ती समूह र समुदायसम्म शिक्षाको ज्योति पुर्‍याउन यो बहुभाषा भाषी शैक्षिक प्रविधि महत्वपूर्ण र परिणामदायी साबित हुनसक्ने देखिन्छ । यसबाट सानो समूहहरूको भाषा बचाउनका लागि पनि सहयोग मिल्छ । आज बहुभाषा शिक्षा समयको यस्तो माग हो, जसले एकसाथ विभिन्न महत्वपूर्ण लक्ष्यलाई पूरा गर्न मद्दत पुग्न सक्छ ।

आज साम्राज्यवादी भूमण्डलीकरणको प्रक्रियामा साना भाषा भाषिकामाथिको खतरा अझ बढी र लगातार रूपमा बढ्न गएको छ । वास्तवमा भाषा यसरी खतरामा पर्न जानु विश्वमा सांस्कृतिक विविधता खतरामा पर्नु हो । हरेक भाषाभाषिकामा असङ्ख्य स्मृतिहरू र ज्ञानका महत्वपूर्ण परम्परा रहेका हुन्छन् ।

आज एउटा भाषा आफ्नो पूरै सांस्कृतिक तथा बौद्धिक विरासतसँग लोप या नष्ट हुने गरेको छ । विश्वभरिका छ हजारभन्दा पनि बढी भाषामध्येमा शिक्षा प्रणालीमा केही सय भाषालाई मात्र स्थान मिल्न सकेको छ । सबैजसो अध्ययन अनुसन्धानले यस सम्बन्धमा स्पष्ट पनि पारिसकेका विषय प्रकाशमा आइसकेका छन् कि भाषालाई वर्चस्वको साटो बहुभाषिकताको मन्त्र केवल भाषा र तिनको ज्ञान परम्परालाई बचाउन मात्र उपयोगी रहेको होइन यसका अतिरिक्त सारा संसारलाई अझ सुन्दर र अझ राम्रो बनाउनका लागि पनि यसले सार्थक भूमिका खेल्न सक्छ ।

पाठक वर्गमा अनुरोध !

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक**" तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# समन्यायिक विकासको प्रत्याभूति

गोपीनाथ मैनाली

संवैधानिक व्यवस्थालाई क्रियाशील बनाउने नीति र सङ्गठन संरचनाको व्यवस्था गरिएका छन् । सङ्घीय शासनको अवधारणाअनुरूप नेपाल सरकारका अतिरिक्त स्थानीय र प्रदेश सरकारहरू पनि समन्यायिक विकास र पिछडिएको क्षेत्र उत्थानमा विशेष कार्यक्रम सञ्चालन गरी राज्य सबैको हो भन्ने अवधारणा संस्थागत गर्न लागिपरेका छन् । न्याय, समानता, विविधता व्यवस्थापन, समावेशिता र अवसरको प्रत्याभूति समन्यायिक विकास हो भन्ने बोध हुनुपर्छ ।

लोकतन्त्रको प्रमुख अभीष्ट नै कोही पनि पछि नपरुन् भन्ने हो । लोकतान्त्रिक मुलुकले आफ्नो सामर्थ्यका आधारमा समृद्धि र समन्यायका नीति रणनीति कार्यान्वयन गरी अवसर निर्माण तथा वितरण गर्दै आएका छन् ।

नेपालमा पनि २०४६ सालको जनआन्दोलनपछि कार्यान्वयनमा ल्याइएको संविधानले विकासलाई न्यायपूर्ण बनाउन र आर्थिक एवं सामाजिक रूपमा पछि परेका वर्गका लागि विशेष व्यवस्था गर्न राज्यलाई निर्देश गरेको थियो । दोस्रो जनआन्दोलनपछि निर्माण भएको संविधानले यो व्यवस्थालाई फराकिलो बनाएको छ ।

संवैधानिक व्यवस्थालाई क्रियाशील बनाउने नीति र सङ्गठन संरचनाको व्यवस्था गरिएका छन् । सङ्घीय शासनको अवधारणाअनुरूप नेपाल सरकारका अतिरिक्त स्थानीय र प्रदेश सरकारहरू पनि समन्यायिक विकास र पिछडिएको क्षेत्र उत्थानमा विशेष कार्यक्रम सञ्चालन गरी राज्य सबैको हो भन्ने अवधारणा संस्थागत गर्न लागिपरेका छन् । तर यी व्यवस्थाका बावजुद पनि संवैधानिक प्रावधानअनुरूप समन्यायिक विकास भएको छैन, अल्पसङ्ख्यक, पिछडिएको क्षेत्र तथा समुदाय र जोखिममा परेका समुदायले विकासका लाभ, अझ भनौँ लोकतन्त्रका लाभ पाएका छैनन् । समन्यायिक विकास प्रत्याभूत नभएकाले राज्यको प्रभावकारिता र वैधतामाथि प्रश्न उठ्न थालेको छ ।

विकासविद् रवर्ट डाहलका शब्दमा स्वतन्त्र मानिससमेत पारिवारिक प्रतिष्ठा, सम्पत्ति, पेसा, दायित्व, ज्ञान, स्वतन्त्रता, प्रभाव र शक्तिको दृष्टिकोणमा असमान देखिन्छ । त्यसैले समानता प्रवर्द्धनमा परम्परागत प्रजातन्त्र कमजोर रहेको छ ।

हाम्रोजस्तो कलिलो लोकतन्त्र र नरम राज्य प्रणाली भएको मुलुकका लागि समानता लक्ष्य हो असमानता चाहिँ यथार्थ । औपचारिक प्रक्रिया र संरचनामार्फत समानता प्राप्त गर्ने प्रयास फितला भएर नै असमानता विस्तार भएको हो । परिणमत लोकतन्त्र सबैको वस्तु वा विषय बनेको छैन । लोकतन्त्रले सबै वर्ग, समुदाय र क्षेत्रलाई समान रूपमा अवसर र सेवा दिन सकेको छैन ।

लोकतन्त्रलाई सबैको पहुँचमा पु-याउन, यसका लाभ तथा अवसर सबैलाई उपलब्ध गराउन र कोही पछि नपरुन् भन्ने अभीष्टलाई कार्यान्वयनमा ल्याउन विश्वव्यापी रूपमा नै समन्यायिक विकासको अवधारणा विकास भएको छ ।

लोकतान्त्रिक मुलुक समन्यायिक विकासको रणनीतिमार्फत पछि परेको/पारिएका वर्ग, क्षेत्र र समुदायलाई न्याय र अवसर दिन लागिपरेका छन्। पछि परेका वर्ग तथा क्षेत्रलाई प्रक्रियामा होइन परिणाममा समान बनाऊ समन्यायका नवीन विधिका रूपमा प्राथमिकता, सकारात्मक कार्य, विशेष व्यवस्था, सहुलियत, आरक्षण, लक्षित कार्यक्रम र प्रोत्साहनका रणनीति अभ्यासमा ल्याइएको छ । आवधिक योजना, वार्षिक विकास कार्यक्रम, क्षेत्रगत नीति तथा सेवा व्यवस्थापनमा यी रणनीतिहरू समावेश भएका पनि छन् ।

तर वर्तमान अवस्थाको साङ्खिकीय परिसूचकहरू विश्लेषण गर्दा असमानता र विभेदको अवस्थाका लागि आक्रामक कार्यक्रमको माग गर्छ । जस्तो कि बहुगरिबीको अवस्थाको प्रदेशगत वितरण हेर्दा कोशीमा १९.७, मधेशमा ४७.९, बागमतीमा १२.२, गण्डकी १४.२, लुम्बिनीमा २९.९ कर्णालीमा ५१.२ र सुदूरपश्चिममा ३३.६ प्रतिशत घरपरिवार गरिब छन् । नेपालको राष्ट्रिय औसत १७.४ प्रतिशतभन्दा बढी गरिबी भएका प्रदेशमा थप कार्यक्रम सञ्चालन गर्नुपर्छ । गरिबीको वर्गीय र जातीय वितरण पनि विभेदपूर्ण छ । मुस्लिम, अल्पसङ्ख्य र दलितहरू नेवार, थकाली, ब्राह्मण-क्षेत्रीभन्दा पछि छन् ।

समग्र विकासको स्तरलाई प्रतिनिधित्व गर्ने मानव विकास सूचकाङ्कमा नेपालको स्तर ०.६०२ छ भने सुदूरपश्चिम ०.५४७, कर्णाली ०.५३८, लुम्बिनी ०.५६३, गण्डकी ०.६१८, बागमती ०.६६१, मधेश ०.५१०, कोशी ०.५८० छ । मानव विकासको वितरणमा जातीय-वर्गीय असमानता पनि छ । अन्य सूचकलाई समेत प्रभाव पार्ने प्रतिव्यक्ति आय सूचकमा फराकिलो असमानता छ ।

प्रदेशगत रूपमा प्रतिव्यक्ति आय हेर्दा बागमतीमा १४४८ अमेरिकी डलर प्रतिवर्ष प्रतिव्यक्ति आय देखिँदा गण्डकीमा ७३६, कोशीमा ६६१, लुम्बिनीमा ५७६, सुदूरपश्चिममा ४८९ र कर्णालीमा ४३८ देखिन्छ (आ.व. २०७६।७७) ।

मुलुकभर जम्मा ८४५४ औद्योगिक प्रष्ठिान रहेकोमा बागमतीमा ५६२८ (६६.६) र कर्णालीमा ४० (०.५) रहेको छ । लगानी र उद्योगको कारण सिर्जना हुने रोजगारीको हिस्सा पनि बागमतीमा ५९.९ प्रतिशत र कर्णालीमा ०.४ प्रतिशत छ । यी आँकडाले सामाजिक समूह, प्रदेश तथा भौगोलिक रूपमा आय, शिक्षा, सामाजिक सेवा र विकासको वितरणमा मात्र असमानता देखाउँदैन, यसको प्रभाव मानव पुँजी निर्माण, आयु, जीवनकालको अवसर उपयोग, सामाजिक तथा सार्वजनिक क्षेत्रमा उपस्थितिजस्ता पक्षलाई पनि स्वाभाविक रूपमा कमजोर पार्छ ।

आर्थिक, सामाजिक, सेवा व्यवस्थापन र शैक्षिक असमानत र वञ्चितीकरण हुनुका पछि थुप्रै कारण छन्। त्यसमध्ये प्रमुख कारण नीति संरचनाको कमजोरी, स्रोतसाधन विनियोजनमा न्याय हुन नसक्नु, उपलब्ध प्राकृतिक स्रोतको उपयोग हुने वातावरण नबन्नु, सामाजिक सेवा व्यवस्थापन कमजोर हुनु र केही हदमा सामाजिक मूल्य संरचना विकासमैत्री नहुनु पनि हो । यी सबै कारणलाई एकै ठाउँमा राख्दा सुशासनको कमजोरी समन्यायिक विकासको अवरोधक हो, सर्वसाधारणले यही अर्थमा बुझेका छन् ।

विकासलाई समन्यायिक बनाउने राष्ट्रिय दायित्व पूरा गरी राष्ट्रिय विकासको भावना संस्थागत गर्न नीति निर्माताामा सर्वप्रथम यस विषयमा साझा बुझाइ चाहिन्छ । तहगत सरकार र राजनीतिक दलहरूको समान बुझाइ गरेपछि नै नीति कार्यक्रम त्यसअनुरूप ल्याउन सकिन्छ ।

न्याय, समानता, विविधता व्यवस्थापन, समावेशिता र अवसरको प्रत्याभूति समन्यायिक विकास हो भन्ने बोध हुनुपर्छ । त्यसपछि लक्षित कार्यक्रम, सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम, अवसरका प्रत्याभूति, वित्तीय समावेशिता र आर्थिक सामाजिक पूर्वाधार विकासका रणनीतिहरू डिजायन गरिनु पर्छ ।

यस्ता कार्यक्रमको पछि परेका वर्गहरू जस्तो कि महिला, अल्पसङ्ख्यक वञ्चितीमा परेका वर्ग, शारीरिक रूपमा अशक्त वर्ग र पिछडिएको क्षेत्रलाई केन्द्रस्थमा राखेर कार्यक्रम सञ्चालन गरिनु पर्छ । यसो भएपछि मात्र आमजनतामा सेवा र अवसरका कार्यक्रमले आफूलाई समेटेको, राज्यले हेरेको र लोकतन्त्र वास्तविक रूपमा जनतामा पुगेको महसुस हुनसक्छ । यसो गर्न संविधानले राज्यलाई निर्देश गरेको छ । मौलिक हकमा भएका महत्वपूर्ण व्यवस्थाहरू र राज्यका निर्देशक नीतिले विशेष व्यवस्था गरेर भए पनि राज्यले पछि परेको वर्ग, समुदाय र क्षेत्रलाई समेट्नु भनेको छ ।

रवर्ट च्याम्बरले भनेजस्तै विकास विभिन्न कारणले आग्रही भएको छ । विकासलाई आग्रही बनाउने काम प्रभुत्वशाली वर्गका प्रभावमा रहने स्रोत साधनको विनियोजनले गरेको छ ।

सरकारका सीमित स्रोतसाधन विनियोजन गर्दा भूगोल, जनसङ्ख्या, विकासको घनत्व, मानव विकासको स्थिति र सेवा लागतलाई आधार मान्ने विधि निर्माण नभएसम्म बजेटको दृष्टि जहिले पनि सुगम, अर्थमन्त्रीजस्ता साधनमा प्रभुत्व जमाउने व्यक्ति भएको जिल्लामा पर्छ र दुर्गम जिल्ला किनारामा परिनै रहन्छन्। भनिरहनु पर्दैन, झापा, मोरङ, चितवन र रूपन्देहीमा विनियोयन हुने साधनमा बाजुरा, हुम्ला, मुगु, डोल्पाले लागत बेहोरिहेका छन् ।

विकासको मान्य सिद्धान्त के पनि हो भने सबै स्थान सम्भावनायुक्त हुन्छन्, त्यसलाई उपयोग गरेर नै विकास विस्तृत र न्यायपूर्ण बनाउन सकिन्छ । अर्को कुरा के पनि भुल्न हुँदैन भने एक स्थानको विपन्नता र वञ्चितीले अर्को स्थानको विकासलाई चुनौती दिइरहेको हुन्छ । समन्यायले चाँहि सामाजिक शक्तिको निर्माण गरी राष्ट्रिय विकासको साझा मूल्यलाई संस्थागत गर्छ ।

सरकारी नीति कार्यक्रमको समीक्षा गर्ने संयन्त्रहरूको सक्रियता बढाएमा नीति लाभ कुन वर्गमा केन्द्रित भएका छन् र त्यसलाई समन्यायिक बनाउन कहाँ बाधा पर्‍यो भन्ने व्यावहारिक कारण पत्ता लगाउन सकिन्छ । राष्ट्रिय विकासको नेतृत्व लिने यो वर्ग प्रमुख कार्य क्षमता र प्राथमिकताबाट बाहिरिएमा विकास र वञ्चितीका समस्या आइनै रहन्छन् । राष्ट्रिय योजना आयोग तथा नीति अध्ययन प्रतिष्ठानले नीति विश्लेषण तथा परीक्षणमार्फत प्रभावकारिताका लागि यी समन्वय संयन्त्रलाई व्यावसायिक ज्ञान दिन चुक्नु हुन्न । अनि मात्र समन्यायिक विकासले वास्तविक प्राथमिकता पाउँछ ।

अर्को कुरा विशेष व्यवहार चाहिने वर्ग, पिछडिएको क्षेत्र र समुदाय पहिचानका आधार वास्तविक नभएको कुरा सम्मानित सर्वोच्च अदालतको आदेश र यसै वर्ष समावेशी आयोगले प्रस्तुत गरेको प्रतिवेदनले पनि औंल्याएको छ ।

यसर्थ पिछडिएको क्षेत्र र समुदाय व्यवस्थापनका वस्तुगत आधार तथा मानक पहिचान (आय मानक, सीप मानक, आरक्षण, सकारात्मक विभेद, सहुलियत, अनुदान, शिक्षा छात्रवृत्ति, सहभागिता, प्रतिनिधत्व), पिछडिएको क्षेत्र र समुदाय व्यवस्थापनका लागि क्षेत्र पहिचान, व्यवस्थापनका विधि तथा उपकरणहरू प्रयोग, नीति तथा कार्यक्रमको समीक्षा र निश्चित अवधिमा परिमार्जन गर्ने कार्य वास्तविक रूपमा गरिनु पर्छ ।

नीति कार्यक्रम संवैधानिक भावनाअनुरूप भए नभएको निरन्तर निगरानी र दृष्टिगोचरमा संसदीय समितिहरू रहनुपर्छ ।

लेखक नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ ।
। सोत गोरखापत्र अनलाइनबाट ।

तपाईको व्यवसाय विस्तारको लागि रेडियोबाट सूचना या विज्ञापन प्रशारण गर्नु छ ?

यदि छ भने नीलकण्ठ एफ.एम ९८.५ मेगाहर्जलाई सम्झनुहोस् ।
नीलकण्ठ नगरपालिका-३ सुगमटोल धादिङबेशी
फोन नं ०१०-५२१४३०/५९०४३०, ९८५११२०८५०

98.5mhz Neelkantha FM Dhading

email:neelkanthafm@gmail.com
Web :- neelkanthafm.com

## ओशो महोत्सव हुँदै

काठमाडौँ । आगामी वैशाख १ गते राजधानीको टुँडिखेलमा ओशो महोत्सव हुने भएको छ । नयाँ वर्षको उत्साह र सकारात्मक सन्देशसँगै ओशो तपोवनको सहकार्यमा महोत्सव हुन लागेको हो ।

महोत्सव बिहान ९ देखि रात्रि ९ बजेसम्म चल्नेछ । महोत्सवमा सबै वर्ग, उमेर, समुदाय, जातजाति, धर्म र संस्कृतिका व्यक्तिलाई सुहाउने विविध प्रकारका प्रस्तुति राखिएको ओशो तपोवनका प्रवक्ता निराजन भण्डारीले जानकारी दिनुभयो । आफ्नो व्यस्त जीवनशैलीमा ध्यान, योग र सत्सङलाई अपनाउँदै खुसी जीवन जीउन सकिने कला महोत्सवबाट सिक्न सकिने उहाँको भनाइ छ । ध्यान, साधना, सङ्गीत, नृत्य, हास्य, स्वाद साहित्य र अध्ययनको महोत्सव हुने प्रवक्ता भण्डारीले बताउनुभयो ।

महोत्सवमा ध्यान, योग, गायन, नृत्य, लाइभ म्युजिक, हास्य ध्यान, प्रत्यक्ष दोहोरी, पुस्तक प्रदर्शन, फुड फेस्टिभल, गजल वाचन र प्रहसनलगायतको प्रस्तुति हुने आज आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । महोत्सवको मुख्य कार्यक्रम साँझ ५ बजे हुनेछ । साँझको कार्यक्रममा एकै साथ ५० हजारले ध्यान र उत्सव गर्ने तपोवनले जनाएको छ । ओशो तपोवनले गत वैशाख १ गते पनि टुँडिखेलमा ओशो 'सेलेब्रेसन' गरेको थियो । सो कार्यक्रममा १५ हजार बढीले एकसाथ ध्यान गरेका थिए ।

देशका विशिष्ट व्यक्तिको सहभागिता रहने भनिएको सो कार्यक्रममा बोधिसत्व स्वामी आनन्द अरुणबाट विशेष सत्सङ्ग हुने प्रवक्ता भण्डारीले जानकारी दिनुभयो । कार्यक्रममा अन्तर्राष्ट्रियस्तरका नृत्य र सङ्गीत प्रस्तुत हुनेछ । सो अवसरमा चर्चित साङ्गीतिक समूह कुटुम्बले विशेष प्रस्तुति दिने उहाँको भनाइ छ । महोत्सवका क्रममा 'फुड फेस्टिभल' पनि आयोजना हुनेछ । फुड फेस्टिभलको संयोजन अन्तर्राष्ट्रियस्तरमा ख्याति प्राप्त नेपाली सेफ सन्तोष साहले गर्ने बताइएको छ ।

महोत्सवका संयोजक भवन भट्टले शारीरिक तथा मानसिक तनाव, हतासा, विषादका कारण दिनानुदिन बिग्रँदै गएको मानव स्वास्थ्यप्रति जागरुक रहन र नेपाली समाजलाई योग र साधनाका माध्यमबाट जोडी एक समृद्धि मनुष्य निर्माणमा महोत्सवले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

महोत्सवमा उच्च सरकारी पदाधिकारी, जनप्रतिनिधि, राजनीतिक दलका नेता, विशिष्ट व्यक्ति, कलाकार, सञ्चारकर्मी, स्वदेशी तथा विदेशी ओशोप्रेमी सहभागी हुनेछन् । महोत्सवमा प्रवेश निःशुल्क गरिएको छ ।

## शिवचन्द्र भन्छन् : जनताले जनमतबाटै लड्न कर गरे

जनकपुरधाम । माओवादी केन्द्रमा लागेका शिवचन्द्र कुशवाह जनमत पार्टी प्रवेश गरेका छन् । अगामी वैशाख १० गते बारा–२ मा हुने उपनिर्वाचनमा जनता समाजवादी पार्टी ( जसपा) अध्यक्ष उपेन्द्र यादव उम्मेदवार बन्ने लगभग पक्का छ । र कुशवाहको पार्टी माओवादी केन्द्रले जसपालाई सघाउने भएपछि उनले पार्टी छाडेका हुन् । उनी ४ मंसिरमा सम्पन्न चुनावमा नेपाली कांग्रेस–माओवादीसँगै पाँचदलीय गठबन्धनका साझा उम्मेदवार थिए । जसपा–एमाले गठबन्धनका उम्मेदवार रामसहाय यादव १३ हजार ८२२ मत ल्याएर निर्वाचित हुँदा कुशवाहले १३ हजार ४६८ मत पाएका थिए । ३५४ मतले पराजित उनी बारा २ मा बलिया उम्मेदवार मानिन्छन् ।

## नागरिक उड्डयन र हवाई सेवा प्राधिकरण अलग अलग बनाउनुपर्छ : सोविता गौतम

काठमाडौँ । राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सोविता गौतमले नेपालमा नागरिक उड्डयन प्राधिकरण र हवाइ सेवा प्राधिकरण अलग अलग चाहिने बताएकी छन् ।

हाल नेपालमा नागरिक उड्डयन प्राधिकरणले नै हवाइ सेवाको नियमन गर्नुका साथै विमानस्थल सञ्चालन र पूर्वाधार विकासको काम गर्दै आएको भन्दै उनले नियमन र हवाइ सेवाको अलग अलग निकाय बनाउनुपर्ने बताएकी हुन् ।

'नेपालको सन्दर्भमा नियमनकारी संस्था नियमनतर्फ भन्दा विमानस्थल सञ्चालन, विमानस्थल आयोजना तथा पूर्वाधार विकास र एयर नेभिगेसन सेवा आदिको क्षेत्रमा बढी केन्द्रित हुँदा नियमनकारी जिम्मेवारी ओझेलमा पर्न गएको देखिन्छ', उनले बुधबारको प्रतिनिधिसभाको विशेष समयमा भनिन् ।

नेपालमा हवाइ दुर्घटना बढ्नुको कारण पनि नागरिक उड्डयन प्राधिकरणले नियमनमा बढी ध्यान दिन नसक्नुको परिणाम भएको उनको भनाइ छ । सांसद गौतमले नागरिक उड्डयन प्राधिकरण विधेयक र नेपाल हवाई सेवा प्राधिकरण विधेयक यथाशीघ्र प्रतिनिधि सभामा ल्याउन सरकारको ध्यानाकर्षणसमेत गराएकी छन् ।

नागरिक उड्डयन प्राधिकरणले नै विमानस्थल सञ्चालन, हवाई ट्राफिक सेवा, प्राविधिकहरुको नियुक्ति, तालिम–दक्षता परीक्षण तथा प्रमाणीकरण गर्ने र आफैंले छानबिन गर्ने हुँदा हवाइ क्षेत्रको सेवा सुरक्षा तथा गुणस्तरमा प्रश्न उठेको सांसद गौतमले बताइन् ।

नेपालको हवाई सेवा नसुधारेसम्म पर्यटक बढ्न नसक्ने उनको भनाइ छ । 'नेपालको आर्थिक समृद्धिमा पर्यटन उद्योगको महत्वपूर्ण योगदान रहने कुरामा दुई मत छैन तर पर्यटन उद्योगको मेरुदण्ड मानिएको हवाई क्षेत्र सुरक्षित छ भन्ने सन्देश विश्व बजारमा पुऱ्याउन सकिएन भने पर्यटन उद्योग धारासायी हुने निश्चित छ' सांसद गौतमले भनिन् ।

## रास्वपालाई सरकारमा लैजान मन्त्रालय भागवण्डामा सकस

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई मन्त्रालय भागबण्डा मिलाउन सकस परेको छ । १० दलीय गठबन्धनमा रहेका दलहरुका साथै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई पनि सरकारमा समेट्न खोज्दा मन्त्रालय भागबण्डा मिलाउन सकस परेको नेताहरुले बताएका छन् ।

स्रोतका अनुसार भोलि बिहीबारसम्म मन्त्रिपरिषद् विस्तार गर्ने तयारीमा रहेका प्रधानमन्त्री रास्वपालाई सरकारमा ल्याउन चाहन्छन्, रास्वपा पनि तयार देखिएको छ ।

रास्वपाका एक सांसदकै शब्दमा भन्दा सरकारमा जान खुट्टा उचालेर बसेको छ, सहमति भएको छैन ।

स्रोतका अनुसार मन्त्रालय संख्यामा पनि ठूलो विवाद छैन । तर रविलाई उपचुनाव अघि नै मन्त्री बनाउने कि नबनाउने भन्ने विषयमा सत्ता गठबन्धनमा सहमति जुट्न सकेको छैन ।

रास्वपाले पार्टी सभापति रवि लामिछानेकै नेतृत्वमा सरकारमा आउने बताएको छ । तर सत्ता गठबन्धनका नेताहरु गैरसांसद रविलाई मन्त्री बनाउन तयार छैनन् । 'उहाँहरु रविजीको नेतृत्वमा सरकारमा आउन चाहनुहुन्छ', गठबन्धनको बैठकहरुमा सहभागी एक नेताले भने, 'प्रधानमन्त्रीले चाहे मात्र पनि गठबन्धनका नेताहरु गैरसांसदलाई मन्त्री बनाउन तयार छैनन् ।'

संविधानको धारा ७८ मा संघीय संसदको सदस्य नभएको व्यक्ति पनि मन्त्री हुनसक्ने व्यवस्था छ । तर यसरी नियुक्त भएको मन्त्रीले सपथ ग्रहण गरेको मितिले ६ महिनाभित्र संघीय संसदको सदस्यता प्राप्त गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।

सत्तारुढ माओवादी केन्द्रका एक नेताले पनि रास्वपालाई सरकारमा ल्याउने प्रयास भएको, तर उपचुनावअघि नै रविलाई मन्त्री बनाउन सक्ने अवस्था नरहेको बताए । रास्वपा महामन्त्री एवं प्रवक्ता मुलुक ढकाल भने अघिल्लो न्यूनतम साझा कार्यक्रममा समावेश भएका आफ्नो दलका एजेण्डाहरुले निरन्तरता पाए र मन्त्रालयहरु पनि साविककै भए सरकारमा जानेबारे छलफल गर्न सकिने बताउँछन् ।

उपचुनावअघि नै पार्टी सभापति रविको नेतृत्वमा सरकारमा जान खोजेको हो भन्ने प्रश्नमा उनले भने, 'सबै कुरा साविकको भयो भने खुला छलफल गर्छौं भनेका छौं । ४ मंसिरको चुनावमा भारी मतका साथ निर्वाचित भएका रविको सांसद पद नागरिक विवादमा सर्वोच्च अदालतले १३ माघमा गरेको फैसलासँगै खारेज भएको थियो । त्यससँगै उनी उपप्रधान एवम् गृहमन्त्री पदबाट पनि मुक्त भएका थिए । रविको सांसद पद गुमेपछि रिक्त भएको चितवन २ मा १० वैशाखमा उपचुनाव हुँदैछ, जहाँ रास्वपाबाट रविलाई उम्मेदवार बन्दैछन् ।

## ठूला खानेपानी आयोजनाका स्रोत नदी र खोला

काभ्रेपलाञ्चोक । जिल्लामा पाँच ठूला खानेपानी आयोजना निर्माणाधीन अवस्थामा छन् । केही भर्खरै सञ्चालनमा आएका र केहीको निर्माण अन्तिम चरणमा पुगेका छन् । सबै खानेपानी आयोजनाको स्रोत नदी–खोला हुन् ।

नदी–खोला किनारमा ठूलाठूला इनार बनाइ पानी सङ्कलन गर्ने र 'लिफ्टिङ' प्रविधिमार्फत डाँडामा पानी तानेर बस्तीमा वितरण गर्नेगरी आयोजनाका भौतिक पूर्वाधार निर्माण भइरहेका छन् । गोर्खा भूकम्पले जिल्लामा खानेपानीका मूल सुकेपछि नदी–खोला खानेपानीको स्रोत बनेका हुन् । प्रत्येक आयोजनामा पानी प्रशोधन केन्द्रका छुट्टाछुट्टै पूर्वाधार निर्माणाधीन छन् ।

काभ्रेपलाञ्चोकको पाँच ठूला खानेपानी आयोजनामध्ये तीन नगरका लागि सञ्चालित काभ्रे उपत्यका वृहत् खानेपानी आयोजनालाई पानी लिफ्ट गर्नुपर्दैन । त्यसमा पनौतीमा रहेका गुड्गुडे, खारखोला, वैरामहादेव, मूलडोल तथा बनेपाको शशीपानी खानेपानीको स्रोत हो । जुन स्रोत बस्तीभन्दा माथि छन् । तीन नगरका करिब ९३ हजार उपभोक्तालाई रू एक अर्ब लागतमा उक्त खानेपानी आयोजना निर्माणाधीन छ । आयोजनाको करिब ९७ प्रतिशत काम सकिएको जनाइएको छ । सन् २०१२ डिसेम्बर १९ मा सन् २०१५ जुन १२ मा सक्ने गरी सम्झौता भएको उक्त आयोजना ११ वर्ष बित्दा पनि सम्पन्न भएको छैन ।

नमोबुद्ध नगरपालिकाको ७, ८ र ९ वडालाई थालिएको काशीखण्ड वृहत् खानेपानी आयोजनाको पानीको स्रोत रोशी खोला हो । उक्त खोलाबाट लिफ्टिङमार्फत छ दशमलव पाँच किलोमिटर दूरीको डराउनेपोखरीस्थित तल्लो हटिया कालीकुवामाथि डाँडामा दुई लाख लिटर क्षमताको पानी ट्याङ्की निर्माण हुनेछ । सोही ट्याङ्कीबाट खानेपानी वितरणका योजना बनाइएको हो ।

रू अठार करोड ४७ लाखमा सम्झौता भएको यस आयोजनामार्फत तीन वडाका एक हजार पाँच सय घरपरिवारलाई खानेपानी उपलब्ध गराइने छ । आयोजनाका अध्यक्ष मनोज अधिकारीले नगर क्षेत्रभित्र खानेपानीको मूल नहुँदा खोलाबाटै लिफ्टिङ गरी पानी ल्याउनुपरेको बताउनुभयो । आयोजना विसं २०८१ मङ्सिर २३ गते सम्पन्न गर्ने सम्झौता भएको हो ।

दश वडामा खानेपानी पुऱ्याउने लक्ष्यका साथ सुरु गरिएको पाँचखाल वृहत सहरी खानेपानी तथा सरसफाइ आयोजनाको पानीको स्रोत इन्द्रावती नदी हो । भुम्लु गाउँपालिका–१० विमीरेस्थित उक्त नदी किनारमा इनार निर्माण गरिएको छ । सोही इनारमा सङ्कलित पानी लिफ्टिङ प्रविधिमार्फत पाँचखाल ल्याइने तयारी छ ।

विसं २०७९ पुस मा सक्ने गरी २०७६ भदौ १२ गते रू एक अर्ब ३४ करोड ६६ लाखमासम्झौता भएको थियो । पाँचखालभन्दा उच्च क्षेत्रमा खानेपानीका कुनै स्रोत नहुँदा नदीको किनारनै खानेपानीको स्रोत बनाइएको आयोजनाका उपभोक्ता समितिका अध्यक्ष कुमार लामिछोले बताउनुभयो । त्यसको करिब ७८ प्रतिशत काम सकिएको छ । "अहिले मूल र रिजर्भ ट्याङ्कीसम्म पहुँचमार्गको काम भइरहेको छ, एक हजार सात सयका घरमा धारा जडान कार्य सकियो", लामछिनेले भन्नुभयो । आयोजनामा कलेक्टर–वेल चार, सम्प–वेल दुई, भूइँ ट्याङ्की १६, ब्रेक प्रेसर ट्याङ्की छ, पानी प्रशोधन प्लान्ट (फ्लोकुलेटर दुई, प्लेन सेडिमेनटेसन ट्याङ्की दुई, ऱ्यापिड–स्याण्ड फिल्टर एक)लगायतका भौतिक पूर्वाधार निर्माणाधीन छ ।

तेमाल क्षेत्रका ५५ हजार स्थानीयवासीलाई स्वच्छ खानेपानी घरघरमा पुऱ्याउने उद्देश्यले सात वर्षअघि निर्माण सुरु गरिएको तेमाल वृहत खानेपानी आयोजनाको पानीको स्रोत सुनकोशी हो । कोभिड र प्राकृतिक प्रकोपले निर्माण ढिलाइ भएको उक्त आयोजना छिट्टै सक्ने लक्ष्य लिइएको छ । "भूकम्पपछि खानेपानीको मुहान सुकेपछि नदीलाई नै खानेपानीको स्रोत बनाउनुपरेको हो", उहाँले भन्नुभयो ।

सरकार, खानेपानी विभागमार्फत रू एक अर्ब २७ करोड, गाउँपालिकाको एक प्रतिशत र स्थानीय उपभोक्ताले नौ प्रतिशत जनश्रमदानमा निर्माण गरी सञ्चालन गरिएको उक्त आयोजनामा खानेपानी वितरणका लागि याङ्वेल डाँडामा चार लाख लिटर क्षमताका दुई ट्याङ्की बनाइएको छ ।

आयोजनामध्ये दुई चरणमा सुनकोशी नदीबाट १२ किलोमिटरको उचाइमा लिफ्टिङ गरी खानेपानी उपलब्ध गराइने संरचना बनिसकेका छन् । उक्त आयोजनाको करिब ९८ प्रतिशत काम सकिएको छ । तिइस ट्याङ्कीमा पानी परीक्षण भइसकेको छ भने मेनलाइन र शाखा लाइनमा पाइप बिछ्याउने तथा घरघरमा धाराका सामग्री वितरण भइरहेको छ । प्रशोधन केन्द्रदेखि वितरण ट्याङ्कीसम्मको पाइपमासमेत पानी परीक्षण भइसकेको जनाइएको छ ।

खानेपानीको अभाव झेलिरहेको मण्डनदेउपुर नगरको घरघरमा खानेपानी पानी पुऱ्याउन इन्द्रावती नदीको पानी लिफ्टिङ गर्न लागिएको छ । नगरका पाँच हजारभन्दा बढीलाई हाल १० नं वडास्थित थामडाँडामा निर्माण गरिएको मुख्य ट्याङ्कीमा इन्द्रावती नदीको नारिमखर्क र ७ नं को सोतेमा दुईवटा समवाएल निर्माण गरी पानी खसालिने योजना बनाइएको उपभोक्ता समितिका अध्यक्ष रामबहादुर तामाङले जानकारी दिनुभयो । नारिमखर्क र सोतेमा पानी प्रशोधन केन्द्र (ट्रिटमेन्ट प्लान)को निर्माण अन्तिम चरणमा पुगेको छ । यस आयोजनाअन्तर्गत हाल विभिन्न स्थानमा २३ वटा वितरण ट्याङ्की बनाइएको छ ।

खानेपानी तथा ढल व्यवस्थापन विभागको रू ९६ करोड, स्थानीय उपभोक्ताबाट सङ्कलित तथा नगरको लगानीसहित रू एक अर्बको आयोजना स्वीकृत गरिएको हो । आयोजनाका लागि नगरले रू ५१ लाख ६६ हजार दिएको छ ।

## सङ्क्रमणकालीन न्याय छिटो टुंग्याउन माग

काठमाडौँ । दशवर्षे सशस्त्रद्वन्द्वका पीडितले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित भइसकेपछि तत्काल दुई आयोग गठनको प्रक्रिया सुरु गर्नुपर्ने माग सरकारसँग गरेका छन् ।

गम्भीर मानवअधिकार उलङ्घनका पीडितको राष्ट्रिय सञ्जाल नेपालद्वारा आज यहाँ पत्रकार सम्मेलन गरी सञ्जालको दुई दिने राष्ट्रिय परामर्श भेलाले जारी गरेको १४ बुँदे माग सार्वजनिक गर्दै दुई वटा आयोग गठन गरेर कार्यादेश बनाइ आयोगलाई प्रभावकारी र परिणाममुखी बनाउनका लागि आवश्यक कदम चाल्न माग गरियो ।

सञ्जालका संयोजक रामकुमार भण्डारीले आयोग सङ्क्रमणकालीन न्यायको एक महत्वपूर्ण संयन्त्र भएकाले ऐन संशोधनपश्चात प्रभावशाली उच्चस्तरीय आयोग गठन गर्नुपर्ने माग गर्नुभयो । उहाँले पीडितको सहभागितामा राष्ट्रिय सम्मान, स्मृति र परिपुरण नीति तर्जुमा गरी द्वन्द्वपीडितका आर्थिक, सामाजिक तथा मनोसामाजिक पक्षको सम्बोधन गर्न द्वन्द्वपीडितसँगको सहकार्यमा काम गर्न आग्रह गर्नुभयो । सञ्जालले पीडितहरुको आर्थिक सामाजिक आवश्यकता तथा भूगोलको आधारमा सङ्क्रमणकालीन न्याय प्रक्रियाको क्रममा आवश्यक अन्तरिम सहयोग गर्न जोड दिएको छ । अधिकांश पीडित विकट गाउँघर, जनजाती, सीमान्तकृत, महिला, वृद्धवृद्धा तथा अशक्त भएकाले आवश्यकताअनुसार स्वास्थ्य, शिक्षा, रोजगारीको सुनिश्चिता गर्दै तत्काल अन्तरिम सहयोग तथा राहत प्रदान गर्नुपर्ने सञ्जालको माग छ ।

## पर्यटनमार्फत गण्डकीमा समृद्ध हासिल गर्छौं

ढोरपाटन । गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले पर्यटनमार्फत प्रदेशले समृद्धि हासिल गर्ने बताउनुभएको छ ।

बागलुङमा बुधबार आयोजित चैत्राष्टमी मेलालाई सम्बोधन गर्दै मुख्यमन्त्री अधिकारीले यहाँ धेरै पर्यटकीय तथा धार्मिकस्थल रहेको हुँदा त्यसको विकास गरी समृद्धि हासिल गरिनेछ भन्नुभयो । मुख्यमन्त्री अधिकारीले गण्डकीमा धेरै खोलानाला, तालतलैया र खानीहरु रहेको बताउँदै खनिज पदार्थको सही रुपमा उत्खनन् गरी रोजगार सिर्जना गर्ने र प्रदेशको गतिलो आयस्रोतको माध्यम बन्ने बताउनुभयो ।

मुख्यमन्त्री अधिकारीले भन्नुभयो, "गण्डकीमा धेरै सम्भावना छन्, यहाँ भएका स्रोत र साधनको सही प्रयोग भएका छैनन्, अब गण्डकी प्रदेश सरकार यसको प्रवर्द्धनमा लाग्छ, रोजगारी सिर्जना गर्छ ।" उहाँले उत्तरगङ्गा जलाशययुक्त हाइड्रोपावर निर्माण गर्ने बताउनुभयो । यसले गण्डकी मात्रै नभइ सिङ्गो देशलाई उज्यालो बनाउने उहाँको भनाइ थियो ।

## निजी क्षेत्रबाट संचालन गरेका अस्पताल अनुगमन

वागमती। हेटौंडामा निजीक्षेत्रबाट सञ्चाललनमा रहेका तीन अस्पताललाई जिल्ला प्रशासन कार्यालय मकवानपुरले कारबाही सुरु गरेको छ।

हेटौंडामा कारबाहीमा पर्ने अस्पतालमा मकवानपुर सहकारी अस्पताल, हेटौंडा सिटी अस्पताल तथा सञ्चो अस्पताल हेटौंडा रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

जनस्वास्थ्य ऐन तथा नियमावली विपरीत काम गरेको र तोकिएको मापदण्डको पालना नगरेको अनुगमनमा पाइएपछि सो कारबाही थालिएको हो। जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा जिल्लाको संयुक्त टोलीले गरेको अनुगमनको क्रममा तोकिएको मापदण्ड अनुसार नदेखिएपछि कारबाही प्रक्रिया अगाडि बढाइएको सो कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिनुभयो।

सहायक प्रमुख जिल्ला अधिकरी शर्मा तथा प्रशासकीय अधिकृत गुणराज न्यौपानेको नेतृत्वमा बेग्लाबेग्लै खटिएको संयुक्त अनुगमन टोलीले अस्पताल सञ्चालनमा कमजोरी देखिएपछि तीन दिनभित्र सुधार गरी आवश्यक प्रमाणसहित कागजात पेस गर्न निर्देशन समेत दिएको जनाइएको छ।

मकवानपुर सहकारी अस्पतालले २५ शय्याको अस्पताल सञ्चालनको स्वीकृति विपरीत ३६ भन्दा बढी शय्या राखेको, पार्किङको तथा फोहरको व्यवस्थापन नगरेको, प्रयोगशाला सञ्चालन मापदण्डअनुसार नरहेको लगायतका कैफियत देखिएकोले कारबाही गरेको शर्माले बताउनुभयो। त्यस्तै, हेटौंडा सिटी अस्पतालले नवीकरण नगरी अस्पताल सञ्चालन गरेको, आकस्मिक कक्षमा तीन शय्याको स्वीकृति लिएर छ शय्या राखेर सञ्चालन गरेको पाइएको थियो।

त्यसैगरी, कार्यालयका अनुसार सञ्चो अस्पतालले सञ्चालन गरेको प्रयोगशाला इजाजत नलिइ सञ्चालन गरेको र आकस्मिक कक्षमा म्याद गुज्रिएको औषधि प्रयोग गरेको र वार्षिक कर चुक्ता नगरेको पाइएपछि आवश्यक मापदण्ड पूरा गरेपछि सञ्चालन गर्ने निर्देशन जारी गरिएको सहायक प्रमुख जिल्ला अधिकारी शर्माले जानकारी दिनुभयो।

## प्रथम इलाम-माईपोखरी म्याराथन प्रतियोगिता हुँदै

मङ्गलबारे। आगामी बैशाखमा इलाम नगरपालिका, सन्दकपुर गाउँपालिका र रणशार्दूल गण इलामको संयुक्त आयोजनामा 'प्रथम इलाम-माईपोखरी म्यार ाथन' हुने भएको छ।

'खेलकुदको विकास, स्वास्थ्यकर जीवनः पर्यटन प्रवर्द्धनमा इलामको आह्वान' भन्ने नारासहित प्रतियोगिता हुने भएको हो। नयाँ वर्षमा नयाँ सोचसँगै पर्यटक भित्र्याउने उद्देश्यले प्रतियोगिता आयेजना गर्न लागिएको इलाम नगरपालिकाका प्रमुख केदार थापाले बताउनुभयो।उहाँले स्वास्थ्य जीवनयापनका लागि खेलकुद आवश्यक रहेको भन्दै यस्ता प्रतियोगिता स्वास्थ्यका लागि उपयोगी हुने बताउनुभयो।

प्रतियोगितामा पुरुषतर्फ दौड ४२ दशमलव २ किलोमिटर रहनेछ। यसका लागि इलाम नगर पालिका-१० गोदकको मेची राजमार्गस्थित नारायण चोक-माईखोला-इलाम बजार-बिब्ल्याँटे-धारापानी-माईपोखरी-सात हुँदै खाल्डे मैदानसम्मको रुट तय गरिएको छ। महिलातर्फ हाफ म्याराथनअन्तर्गत २१ दशमलव १ किलोमिटरदौड हुने आयोजकले जनाएको छ। दौड रुट इलाम बजार-बिब्लियाटे-धारापानी-माईपोखरी हुँदै सात खाल्डेसम्म तय गरिएको छ।

म्याराथनमा नेपालका विभिन्न क्षेत्रका खेलाडिसहित भारतीय धावकसमेत सहभागी हुने अपेक्षा लिइएको छ। पुरुषतर्फ पहिलो हुनेलाई रू दुई लाख ५० हजार र महिलातर्फ पहिलो हुनेलाई रू एक लाख पुरस्कार प्रदान गरिनेछ। दुवै समूहतर्फ १०औं स्थानसम्म प्राप्त गर्ने खेलाडीलाई समेत नगद पुरस्कार वितरण गरिने आयोजकले जनाएको छ।

## शून्य समय : जनताका समस्याबारे ध्यानाकर्षण

काठमाडौं। प्रतिनिधिसभाको बुधबार बसेको बैठकको शून्य समयमा सांसदहरुले मिटरब्याज पीडितको मागको सम्बोधन, नागरिकता विधेयक र सडक निर्माण लगायतका जनताका दैनिक जनजीवनसँगसम्बन्धीत विषयमा सभामुखमार्फत सरकारको ध्यानार्कषण गराउनुभएको छ।

बैठकको शून्य समयमा बोल्दै नेपाली कांग्रेसका सांसद गगनकुमार थापाले नागरिकता विधेयक तत्काल पास गर्न माग गर्नुभयो। उहाँले नेपाली नागरिकको बाआमाबाट जन्मेका सन्तानले नागरिकता पाउने संवैधानिक हकका बाबजुद धेरैले नागरिकता पाउन नसकेका बताउनुभयो। सांसद थापाले भन्नुभयो," आफूहरुबीचको विमतिलाई थाती राखेर जन्मसिद्ध नागरिकता र आमाको नाममा नागरिकता पाउने व्यवस्थालाई ध्यानमा राखेर नागरिकता विधेयक पास गर्नुपर्छ। " यस्तै, सांसद अमरेशकुमार सिंहले मिटरब्याज पीडितको माग पूरा गर्न माग गर्दै भन्नुभयो, "मिटरब्याज पीडितहरु राज्यको ऐना हो, राज्य कसरी सञ्चालन भइरहेको छ भन्ने।"

मिटरब्याजको समस्या पटक-पटक दोहोरिनुको कारण सरकारको गम्भीर ध्यानआर्कषण नहुनु भएको सांसद सिंहको भनाइ थियो।

नेकपा (एकीकृत समाजवादी)का सांसद अमरबहादुर थापाले दैलेख जिल्लामा २०७२ र २०७९ सालमा भएको प्राकृतिक प्रकोपले क्षति पुराएका बस्ती पुनःस्थापना र व्यवस्थापन हुन नसकेकोतर्फ सरकारको ध्यानार्कषण गराउनुभयो। शून्य समयमा बोल्दै नेकपा (एमाले)का सांसद अमरबहादुर रायमाझीले उदयपुर जिल्लाको कटारी लगायतका स्थानमा नापीको काम यधाशीघ्र सुरु गर्न माग गर्नुभयो।

नेकपा (एमाले)का सांसद अमृतलाल राजवंशीले झापाका किसान र पशुपालन व्यवसायीले आफनो उत्पादन र उपजको उचित मूल्य पाउन नसकेकोप्रति ध्यानार्कषण गराउनुभयो। नेकपा (एमाले)का सांसद अमृता अग्रहरिले कपिलबस्तु तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गर्न माग गर्नुभयो। उहाँले तिलौराकोटले हजारौं वर्षको ऐतिहासिक महत्व बोकेको भन्दै विश्व सम्पदा सूचीमा राख्नपर्ने बताउनुभयो।

नेपाली कांग्रेसका सांसद अर्जुन नरसिंह केसीले राष्ट्रिय तामाङ् सङ्ग्रहालय निर्माणको माग गर्नुभयो। सांसद अशोककुमार चौधरीले सुनसरीको विभिन्न स्थानमा अलपत्र अवस्थामा रहेको सडकको मर्मत सम्भार र निर्माणमा तीव्रता दिन सरकारको ध्यानाकर्षण गराउनुभयो।

## नेपाल-भारत सीमा समन्वय बैठक

भैरहवा। नेपाल-भारत सीमा समन्वय बैठक भारतको नौतनवामा रहेको ६६औं गण एसएसबी क्याम्प कार्यालय महाराजगञ्जमा मङ्गलबार सम्पन्न भएको छ।

बैठकमा सीमामा शान्तिसुरक्षा, एकीकृत जाँचचौकी (आइसिपी)निर्माण, दशगजा क्षेत्रमा रहेका सीमा स्तम्भको नियमित मर्मत, मानव बेचबिखन, लागुऔषध तथा अन्य वस्तुको तस्करी नियन्त्रण लगायतका विषयमा छलफल भएको रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी रामचन्द्र अर्यालले बताउनुभयो। उहाँले दुई देशबीच व्यापारको दृष्टिकोणले महत्वपूर्ण रहेको आइसिपी निर्माणमा देखिएको अस्पष्टता विषयमा बैठक केन्द्रित रहेको बताउनुभयो। बेलहियामा निर्माणको क्रममा रहेको आइसिपीको ठेक्का प्रक्रिया सकिएको र केही दिनमै शिलान्यासको तयारी रहेको छ। यसका साथै बैठकमा भारतमा हुने आगामी नगरपालिकाका निकायको निर्वाचनमा नेपालको सहयोग विषयमा पनि छलफल भएको भारत महाराजगञ्जका प्रमुख जिल्ला अधिकारी सत्येन्द्र कुमारले जानकारी दिनुभयो। नगरपालिकाको निर्वाचनलाई मध्यनजर गर्दै सीमामा थप सतर्कता अपनाउन नेपाली पक्षसँग आग्रह गरेको र नेपाल प्रशासनले पूर्ण सहयोग गर्ने आश्वासन दिएको उहाँले बताउनुभयो।


खनियाबास गाउँपालिका
गाउ कार्यपालिकाको कार्यालय
दार्खा, धादिङ
बागमती प्रदेश नेपाल

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसि

करार सेवामा कर्मचारी पदपुर्ती गर्ने सम्बन्धि सूचना।

प्रथम पटक प्रकाशित मिति :२०७९/१२/१५

यस खनियाबास गाउँपालिकामा रिक्त रहेको तपशिल बमोजिमका पदमा खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा कर्मचारी नियुक्त गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपालि नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन) राजस्व तिरेको रसिद वा बैंक भौचर सहित दरखास्त फारम भरि आवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

| बिज्ञापन न. | पद | सेवा | समुह | श्रेणी | संख्या | दरबन्दि |
|---|---|---|---|---|---|---|
| ०५-०७९/०८० | स्टाफ नर्स | स्वास्थ्य | नर्सिङ | सहायक पाँचौ | १ (एक) | खनियाबास ग्रामीण अस्पताल १ (एक) |
| ०६-०७९/०८० | अ.न.मी. | स्वास्थ्य | नर्सिङ | सहायक चौथो | २ (दुई) | खनियाबास ग्रामीण अस्पताल र झार्लाङ स्वास्थ्य चौकी १/१(एक/एक) |

**न्युनतम शैक्षिक योग्यता**

१. स्टाफ नर्स पदको लागि नेपाल सरकार बाट मान्यता प्राप्त शैक्षिक संस्था बाट सम्बन्धित विषयमा प्रविणता पत्र तह उत्तीर्ण गरेको।
२. अ.न.मी. पदको लागि नेपाल सरकार बाट मान्यता प्राप्त शैक्षिक संस्था बाट सम्बन्धित विषयमा प्राविधिक एस.एल.सी./एस.ई.ई. उत्तीर्ण गरेको
३. स्टाफ नर्स र अ.न.मी. पदको लागि सम्बन्धित विषयको व्यवसायिक परिषदमा दर्ता/नविकरण भएको हुनुपर्ने।

- **आवश्यक कागजात :** शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित विषयको व्यवसायिक परिषदमा दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि र ३ प्रति फोटो।
- **उम्मेदवारको उमेर हद :** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० ननाघेको)
- **छनौट प्रक्रिया :** खनियाबास गाउँपालिकाको सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ बमोजिम
- **तलब स्केल :** प्रचलित कानुन बमोजिम
- **कार्य अवधि :** करार सम्झौता बमोजिम हुनेछ।
- **दरखास्त फारम दस्तुर :** रु.७००।
- **आबेदन दिने अन्तिम मिति :** २०७९/१२/२९ दिनको ५:०० बजे सम्म
- **आवेदन दिनुपर्ने स्थान :** खनियाबास गा.पा. को कार्यालय प्रशासन शाखा
- संक्षिप्त सुची सम्बन्धि जानकारी गाउँपालिकाको सूचना पार्टी, फेसबुक पेज, वा गाउँपालिकाको वेबसाइटमा प्रकाशन गरिनेछ।

नोटः यस गाउँपालिकाको वेबसाइटमा सुचना संगै राखिएको आवेदन फारम भरि तोकिएको समय भित्र आवेदन दिन सकिनेछ।

संयोजक
पदपूर्ती समिति


## नेप्सेमा झिनो अंकको सुधार

काठमाडौं। हिजो (बुधबार) पूँजीबजारमा झिनो अङ्कको सुधार देखिएको छ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक एक दशमलव ०२ अङ्कले बढेर एक हजार नौ सय १९ दशमलव ४२ अङ्क कायम भएको छ।

बुधबार दुई सय ५८ वटा कम्पनीको २५ लाख ३९ हजार ४८ कित्ता शेयर २५ हजार चार सय १३ पटक खरिदबिक्री हुँदा कारोबार रकम रू ८१ करोड ६२ लाख १९ हजारमा खुम्चिएको छ।

बुधबारको कारोबारमा होटल तथा पर्यटन समूहको उपसूचक सबैभन्दा धेरै ४१ दशमलव ७१ र निर्जीवन बीमा समूहको उपसूचक १८ दशमलव ६६ अङ्कले बढेको छ। त्यस्तै, लगानी समूह शून्य दशमलव १४, लघुवित्त समूह छ दशमलव ५४ र अन्य समूह सात दशमलव ५८ अङ्कले बढेको छ।

बुधबार उपसूचक घट्नेमा सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक ४४ दशमलव ७९ र व्यापार समूहको उपसूचक १९ दशमलव ०७ अङ्कले घटेको छ। त्यस्तै, बैंकिङ समूह शून्य दशमलव १५, विकास बैंक समूह १५ दशमलव ७८, वित्त समूह पाँच दशमलव ६१, जलविद्युत् समूह एक दशमलव ०९, उत्पादन तथा प्रशोधन समूह तीन दशमलव ९३ र म्युचुअल फन्ड समूह शून्य दशमलव ०२ अङ्कले घटेको छ।

बुधबार सुपरमाई हाइड्रोपावर लिमिटेड र कालीञ्चोक दर्शन लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै चार दशमलव ४१ प्रतिशतले घटेको छ।

एनआइसी एसिया लिमिटेडको सबैभन्दा धेरै रू तीन करोड ५६ लाख ९५ हजार बराबरको शेयर कारोबार भएको छ।

कारोबार भएका शेयर सङ्ख्याका आधारमा ग्लोबल आईएमई बैंक प्रमोटर शेयर एक लाख पाँच हजार एक सय ५२ कित्ता खरिदबिक्री भएको नेप्सेले जानकारी दिएको छ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com